"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः १२

### गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/०८/२४

### राजपत्रमा प्रकाशित मितिः २०८०/०८/२५


## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# विद्यालय कर्मचारी, बालबिकास सहजकर्ता र सामुदायिक सिकाइ केन्दका परिचालक व्यवस्थापन कार्यविधि – २०८०

कार्यपालिकाद्वारा पारित मितिः २०८०/०८/२४

## प्रस्तावना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) (२) को (ज) तथा आठराई गाउँपालिकाको शिक्षा ऐन,(दोस्रो संशोधन - २०७९), २०७५ को दफा (४९) को कार्यान्वयनका लागि दफा (५७) को उपदफा(२) मा भएको व्यवस्था तथा सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ को नियम (२४) बमोजिम प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिका लागि सिफारिस गर्न,

आठराई गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "विद्यालय कर्मचारी, बालबिकास सहजकर्ता र सामुदायिक सिकाइ केन्दका परिचालक व्यवस्थापन कार्यविधि – २०८०" रहनेछ।

(२) यो कार्यविधि आठराई गाउँ कार्यपालिकाले पारित गरेको मितिदेखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

- क. "आयोग" भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनु पर्छ।
- ख. "ऐन" भन्नाले "आठराई गाउँपालिकाको शिक्षा ऐन – २०७५" सम्झनु पर्छ।
- ग. "कार्यविधि" भन्नाले गाउँपालिकाको विद्यालय कर्मचारी वालविकास सहजकर्ता र सामुदायिक सिकाइ परिचालक व्यवस्थापन कार्यविधि - २०८० सम्झनु पर्छ।
- घ. "गाउँपालिका" भन्नाले आठराई गाउँपालिका, सक्रान्तिबजार, तेह्रथुम सम्झनु पर्छ।
- ङ. "नियमावली" भन्नाले संघीय शिक्षा नियमावली २०५९ सम्झनु पर्छ।
- च. "प्रमुख" भन्नाले आठराई गाउँपालिकाको गाउँपालिका प्रमुखलाई सम्झनु पर्छ।
- छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।
- ज. "परिचालक" भन्नाले सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।
- झ. "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।
- ञ. "व्यवस्थापन समिति" भन्नाले विद्यालय व्यवस्थापन समिति तथा सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति सम्झनु पर्छ।

ट. "वालविकास सहजकर्ता" भन्नाले बालविकास केन्द्र सञ्चालनका लागि नियुक्त व्यक्ति सम्झनु पर्छ।

ठ. "विद्यालय कर्मचारी" भन्नाले नेपाल सरकारको स्वीकृत दरबन्दीमा विद्यालयमा कार्यरत विद्यालय सहायक तथा सहयोगी कर्मचारीलाई सम्झनु पर्छ।

ड. "शाखा" भन्नाले यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

ढ. "शाखा अधिकृत" भन्नाले यस गाउँपालिकाको शिक्षा शाखा हेर्ने अधिकृत स्तरको कर्मचारी वा सो कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

## परिच्छेद – २
## कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था

३. **विद्यालय कर्मचारी, वालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परीचालक नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) रिक्त रहेको विद्यालय कर्मचारी.बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदमा छनोट समितिको सिफारिसमा विद्यालय व्यवस्थापन समिति / सामुदायिक सिकाइ केन्द्र ब्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा नियुक्ति गर्न सक्नेछ।

(२) करारमा विद्यालय कर्मचारी,बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिका लागि शिक्षा शाखाबाट दरबन्दी यकिन गरी अनुमति लिएर नियुक्ति प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

(३) विद्यालय कर्मचारी ,बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको पदपूर्ति गर्नको लागि आवश्यक विवरण खुलाई पन्ध्र दिनको सार्वजनिक सूचना सम्भाव्य सबै माध्यमबाट प्रकाशन गर्नुका साथै सम्बन्धित विद्यालय,वडा कार्यालय र गाउँपालिकाको सूचनापाटीमा टाँस गर्नुपर्नेछ।

(४) विद्यालय कर्मचारी,बालविकास सहजकर्ता र सामुदायिक केन्द्रका परिचालक पदमा नियुक्ति हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता ,नेपाली नागरिकताको प्रमाण-पत्र र निवेदन पेश गर्नुपर्नेछ।

(५) छनोट समितिको सिफारिसमा सम्बन्धित विद्यालयले विद्यालय कर्मचारी,बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति गरेको सात दिन भित्रमा सोको जानकारी शिक्षा शाखालाई गराउनु पर्नेछ।

(६) यो कार्यविधि बमोजिमको प्रक्रिया नपुर्याई विद्यालय कर्मचारी,बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर हुनेछ।

(७) छनोट समितिले गरेको व्यक्ति सिफारिस भएको मितिले पन्ध्र दिन भित्र नियुक्ति पत्र लिई हाजिर हुन नआएमा वा नियुक्ति लिएको छ महिना भित्रमा कुनै कारण निजले राजिनामा दिएमा व्यवस्थापन समितिले वैकल्पिक सूचीको १ नं. को उम्मेदवारलाई नियुक्ति गर्नेछ।

## परिच्छेद – ३

## कर्माचारीको लागि आवश्यक न्यूनतम योग्यता

४. **विद्यालय कर्मचारी, बालविकास सहजकर्ता तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्युनतम योग्यता:** (१) विद्यालय सहायक कर्मचारीको लागि आवश्यक न्युनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

क. नेपाली नागरिक

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण भएको

ग. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. लेखा र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकोलाई प्राथमिकता दिने

(२) विद्यालय सहयोगी कर्मचारीको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

क. नेपाली नागरिक

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण भएको

ग. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. माथिल्लो तहको योग्यता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ।

(३) बालविकास सहजकर्ताको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

क. नेपाली नागरिक (महिला)

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण भएको

ग. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. माथिल्लो तहको योग्यता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ।

(४) सामुदायिक सिकाइ केन्द्रका परिचालकको लागि आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ।

क. नेपाली नागरिक (महिला)

ख. मान्यता प्राप्त शैक्षिक संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण भएको

ग. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

घ. माथिल्लो तहको योग्यता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिइनेछ।

## परिच्छेद – ४

## कर्मचारी छनोट प्रक्रिया

५. **सामुदायिक विद्यालयमा कर्मचारी छनौट प्रक्रिया:** (१) सामुदायिक विद्यालयमा रिक्त विद्यालय कर्मचारी,बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालक नियुक्तिका लागि व्यवस्थापन समितिमा सिफारिस गर्ने कार्य आठराई गाउँपालिकाको शिक्षा ऐन २०७५ को दफा – ४३(२) बमोजिम गठन भएको शिक्षक छनोट समितिले गर्नेछ।

(२) कर्मचारी/सहजकर्ताको पदपूर्तिका लागि आठराई गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको अनुमति लिई विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तिमा १५ दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

(३) कर्मचारी/सहजकर्ता छनौट समितिको सचिवालय गाउँपालिकाको कार्यालयमा रहनेछ।

(४) परीक्षा मर्यादित संयमित र निष्पक्ष रुपमा सञ्चालन गर्ने गराउने मुख्य जिम्मेवारी छनौट समितिको हुनेछ।

(५) परीक्षामा संलग्न विज्ञ तथा सदस्यहरुबाट अनियमित कार्य भएको प्रमाणित भएमा त्यस्तो कार्य गर्ने गराउने विज्ञ तथा समितिका सदस्यलाई विज्ञ सूची तथा समितिबाट हटाई सो कार्यमा संलग्न अन्यलाई समेत नियमानुसार गाउँपालिकाले कारवाही गर्नेछ। साथै अनियमित कार्य भएको प्रमाणित भएमा उक्त परीक्षा रद्द हुनेछ र पुनः परीक्षाको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

## परिच्छेद – ५
## विषयविज्ञ तथा पाठ्याक्रम सम्बन्धी व्यवस्था

६. **विषयविज्ञ सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाले विद्यालय कर्मचारी बालविकास सहजकर्ता र सामुदायिका सिकाइ केन्द्रका परिचालक छनौट परीक्षामा आठराई गाउँपालिकाको विषयविज्ञको सूचीमा सूचीकृत शिक्षकलाई उक्त परीक्षाको विषयविज्ञको रुपमा छनौट गर्नेछ।

७. **परीक्षाको पाठ्यक्रमः** (१) विद्यालय सहायक कर्मचारी नियक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची - १ बमोजिम हुनेछ।

(२) विद्यालय सहयोगी कर्मचारी नियक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची – २ बमोजिम हुनेछ।

(३) बालविकास सहजकर्ताको नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची – ३ बमोजिम हुनेछ।

(४) सामुदायिक सिकाइ केन्द्रका परिचालकको नियुक्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम अनुसूची – ४ बमोजिम हुनेछ।

## परिच्छेद – ६
## विविध

८. **कार्यविधि संशोधनः** (१) यो कार्यविधिमा परिमार्जन र संशोधन गर्नुपर्ने भएमा आठराई गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको सिफारिसमा आठराई गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार संशोधन गर्न सकिनेछ।

९. **कार्यविधिको व्याख्याः** (१) यो कार्यविधिको व्याख्या गर्नुपर्ने भएमा आठराई गाउँपालिका, गाउँ कार्यपालिकाले गर्नेछ।

१०. **बचाउः** (१) यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

## अनुसूची – १
## विद्यालय सहायक पदको पाठ्क्रम

सामान्य परीक्षाः पूर्णाङ्क – ४० विषयगत परीक्षाः पूर्णाङ्क – ६० अन्तर्वार्ताः पूर्णाङ्क – २०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | ४० | २० | २ | वस्तुगत / बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा | ६० | | १० | २×१०= २०<br>८×५ =४० | विषयगत/ विश्लेषणात्मक | २ घण्टा |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड क वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता प्रदेश जिल्ला स्थानीय तह ताल नदी हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | १ | २ |
| ३ | सूचना प्रविधि<br>• कम्पुटर सम्बन्धी सामान्य जानकारी (MS Word, Excel, PowerPoint & Internet )<br>• शैक्षिक सूचना प्रणाली | ३ | २ |
| ४ | विद्यालय तहमा शैक्षिक तथ्याङ्क व्यवथापन<br>• तथ्याङ्क संकलन योजना र व्यवस्थापन<br>• तथ्याङ्क विश्लेषण र समस्या पहिचान | २ | २ |
| ५ | कार्यालय संचालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ६ | आठराई गाउँपालिका सम्बन्धी सामान्य जानकारी | १ | २ |
| ७ | विज्ञान र प्रविधि, अन्वेषण र आविष्कारकहरु प्रसिद्ध वैज्ञानिकहरु सम्बन्धी सामान्य जानकारी | २ | २ |
| ८ | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था)शिक्षा ऐन २०२८(संशोधन सहित)शिक्षा नियमावली २०५९(संशोधन सहित)स्थानीय सरकार सञ्चालन ऐन २०७४(शिक्षा सम्बन्धी व्यवस्था)आठराई गाउँपालिका शिक्षा ऐन २०७५(संशोधन सहित) | ३ | २ |

| | | | |
|---|---|---|---|
| ९ | Aptitude sets<br>• Verbal reasoning such as series, analogy, classification coding-decoding<br>• Non-verbal reasoning such as series, analogy, classification Venn diagrams, matrices, construction of squares and triangles.<br>• Quantitative aptitude such as arithmetical reasoning / operation, percentage, fraction, decimal | ४ | २ |

खण्ड ख- विषयगत परीक्षाको पाठ्यक्रम

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | लेखाको अर्थ उद्देश्य महत्त्व लेखा शब्दावलीहरु र लेखा अवधारणा र सिद्धान्त सरकारी र व्यावसायिक लेखा प्रणाली | १+१ = २ | ५+१० = १५ |
| २ | पत्र व्यवहारः परिचय उद्देश्य र चिठि/पत्रका गुणहरु चिठीका प्रकार (प्रयोग र प्राथमिकताका आधारमा) | १ | ५ |
| ३ | परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा उद्देश्य प्रकारहरु शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा मूल्याङ्कनको अवधारणा उद्देश्य प्रकारहरु मूल्याङ्कनका साधनहरु र प्रयोग र प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका विधि तथा प्रक्रियाहरु | १ | ५ |
| ४ | अभिलेख व्यवस्थापनः अभिलेखको परिचय अभिलेखको उद्देश्य र प्रकार अभिलेख व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग | १ | ५ |
| ५ | प्रतिवेदन लेखनः परिचय तयार पार्दा ध्यान दिनुपर्ने कुराहरु र प्रकार फाइलिङः परिचय आवश्यकता विधि एवम् तरिकाहरु | १ | ५ |
| ६ | दोहोरो श्रेष्ता प्रणाली र आय व्यय नाफा नोक्सान खाता तेरिज र वासलात सम्बन्धी सैद्धान्तिक ज्ञान आर्थिक कार्यप्रणाली सम्बन्धी सामान्य जानकारी | १+१ = २ | ५+१०=१५ |
| ७ | कार्यालय व्यवस्थापनमा कम्प्युटर प्रणालीको आवश्यकता र महत्त्व तथ्याङ्क तथा सूचनाको प्रकृति र महत्त्व | १ | ५ |
| ८ | नेपालको संविधान(शिक्षा सम्बन्धी व्यवस्था) शिक्षा ऐन २०२८(संशोधन सहित) शिक्षा नियमावली२०५९(संशोधन सहित) स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) | १ | ५ |

अन्तर्वार्ताको योजना (Interview Examination Scheme)

विद्यालय सहायक कर्मचारीको लागि

१.अन्तर्वार्ता- २०

| क्र.स. | मूल्याङ्कनका आधार | शैक्षिक योग्यता | | |
|---|---|---|---|---|
| १ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताको – ३ | प्रथम श्रेणी – ३ | द्वितीय श्रेणी – २ | |
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको – २ | २ | १ | |
| ३ | अन्तर्वार्ता – १५ | व्यक्तित्व / आचरण – ५ | विषयवस्तुको ज्ञान – ६ | प्रस्तुतीकरण – ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

**द्रष्टव्यः**

१. सामान्य परीक्षा(वस्तुगत/(बहुवैकल्पिक प्रश्नहरु)का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागूहुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका विद्यालय सहायक कर्मचारीको हकमा लागू हुनेछैन।

## अनुसूची – २

## विद्यालय सहयोगी पदको पाठ्यक्रम

सामान्य परीक्षाः पूर्णाङ्क - ५०                                                    अन्तर्वार्ताः पूर्णाङ्क - २०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ५० | २० | २५ | २ | वस्तुगत / बहुवैकल्पिक | ४० मिनेट |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड क - वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| **क्र.स.** | **विषयवस्तु तथा क्षेत्र** | **प्रश्न सङ्ख्या** | **एक प्रश्नको अङ्कभार** |
|---|---|---|---|
| १ | नेपालको भूगोलको सामान्य जानकारी(प्रदेश जिल्ला स्थानीय तह ताल नदी हिमाल | ४ | २ |
| २ | नेपालको शैक्षिक इतिहास सम्बन्धी सामान्य जानकारी | ३ | २ |
| ३ | कार्यालय सञ्चालन र अभिलेख व्यवस्थापन सम्बन्धी सामान्य जानकारी | ३ | २ |
| ४ | आठराई गाउँपालिकाको सामान्य जानकारी | ३ | २ |
| ५ | चिठी पत्र दर्ता चलानी सम्बन्धी जानकारी | ३ | २ |
| ६ | वार्षिक कार्ययोजना वार्षिक शैक्षिक योजना एकाइ योजना र दैनिक पाठयोजना | ३ | २ |
| ७ | शैक्षिक सङ्गठन (बहुकक्षा शिक्षण विषय शिक्षण मिश्रित शिक्षण) सम्बन्धी सामान्य जानकारी | ३ | २ |
| ८ | आठराई गाउँ शिक्षा ऐन २०७५(संशोधन सहित) स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) | ३ | २ |

अन्तर्वार्ता योजना (Interview Examination Scheme)

विद्यालय सहयोगी कर्मचारीको लागि

१.अन्तर्वार्ता -२०

| **क्र.स.** | **मूल्याङ्कनको आधार** | **शैक्षिक योग्यता – ५** | | |
|---|---|---|---|---|
| १ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता – ३ | प्रथम श्रेणी – ३ | द्वितीय श्रेणी – २ | |
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको – २ | २ | १ | |
| ०३ | अन्तर्वार्ता – १५ | व्यक्तित्व / आचरण – ५ | विषयवस्तुको ज्ञान – ६ | प्रस्तुतीकरण – ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

द्रष्टव्यः

१. सामान्य परीक्षा(वस्तुगत/(बहुवैकल्पिक प्रश्नहरु)का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।

२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागूहुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका विद्यालय सहयोगी कर्मचारीको हकमा लागू हुनेछैन।

आठराई राजपत्र

**अनुसूची - ३**

**बालविकास सहजकर्ता पदको पाठ्यक्रम**

सामान्य परीक्षाः पूर्णाङ्क – ४०   विषयगत परीक्षाः पूर्णाङ्क – ६०   अन्तर्वार्ताः पूर्णाङ्क – २०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्कभार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | ४० | २० | २ | वस्तुगत / बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा | ६० | | १० | २×१०= २०<br>८ ×५ =४० | विषयगत / विश्लेषणात्मक | २ घण्टा |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड क- वस्तुगत प्रश्नहरु (सामान्य ज्ञान)

| **क्र.स.** | **विषयवस्तु तथा क्षेत्र** | **प्रश्न सङ्ख्या** | **एक प्रश्नको अङ्कभार** |
|---|---|---|---|
| १ | नेपालको भूगोल(भौगोलिक विविधता प्रदेश जिल्ला स्थानीय तह ताल नदी हिमाल) | २ | २ |
| २ | नेपालको आधुनिक शैक्षिक इतिहास | २ | २ |
| ३ | शिक्षाको अर्थ परिभाषा उद्देश्यहरु र कार्यहरु | २ | २ |
| ४ | शिक्षा मनोविज्ञान अर्थ अवधारणा आवश्यक र महत्त्व.. | २ | २ |
| ५ | मानव विकासः वृद्धि र विकासको अवधारणा र स्थानीय पाठ्यक्रम | २ | २ |
| ६ | पूर्व बाल्यावस्थाः परिचय विकासात्मक कार्य विशेषताहरु | २ | २ |
| ७ | पाठ्यक्रमको परिचय अवधारणा र प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७(सक्षमता सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धि विस्तृतीकरण सहित विस्तृत अध्ययन) | २ | २ |
| ८ | शैक्षणिक योजनाः अर्थ र आवश्यकता वार्षिक कार्ययोजना वार्षिक शैक्षिक योजना एकाइ योजना र दैनिक पाठयोजना | २ | २ |
| ९ | शैक्षिक सङ्गठन कक्षा शिक्षण बहुकक्षा-शिक्षण विषय शिक्षण मिश्रित शिक्षण | २ | २ |
| १० | नेपालको संविधान (शिक्षा सम्बन्धी व्यवस्था) शिक्षा ऐन२०२८(संशोधन सहित)शिक्षा नियमावली २०५९ (संशोधन सहित) स्थानीय सरकार सञ्चालन ऐन २०७४(शिक्षा सम्बन्धी व्यवस्था) आठराई गाउँपालिकाको शिक्षा ऐन २०७५(संशोधन सहित) | २ | २ |

**खण्ड ख – विषयगत परीक्षाको पाठ्यक्रम**

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | शैक्षणिक योजनाः परिचय आवश्यकता निर्माण र प्रयोग(वार्षिक कार्यतालिका वार्षिक शैक्षिक योजना एकाइ योजना दैनिक पाठयोजना र दैनिक कार्यतालिका) कक्षा कोठा व्यवस्थापन(अवधारणा र महत्त्व कक्षाकोठाको वातावरण र बसाइ व्यवस्थापन) | १+१= २ | ५+१० =१५ |
| २ | शैक्षिक सामग्री र शैक्षिक सुधारः शैक्षिक सामग्रीको प्रकार र निर्माण, प्राथमिक तहमा अध्यापन हुने विषयहरुको विषयगत शैक्षिक सामग्रीको निर्माण र प्रयोग | १ | ५ |
| ३ | विद्यालय समुदाय सम्बन्धः विद्यालयको विकासमा समुदायको सहभागिता र दायित्व, समुदायको विकासमा विद्यालयको योगदान, विद्यालय र समुदायबीच सम्बन्ध | १ | ५ |
| ४ | व्यक्तिगत स्वच्छता तथा वातावरणीय सरसफाइः व्यक्तिगत सरसफाई,फोहोर व्यवस्थापन प्राथमिक उपचार परिचय महत्व पारिवारिक र समुदायिक स्वास्थ्य सेवा घर विद्यालय र खेल मैदानमा हुने दुर्घटना प्राथमिक उपचार तथा दुर्घटनाबाट बच्ने उपायहरुः | १ | ५ |
| ५ | पाठ्यक्रमः अर्थ परिभाषा महत्व तत्वहरु पाठ्यक्रम निर्माणका आधारहहरु, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम,२०७७ ( सक्षमता सिकाइ क्षेत्र तथा सिकाइ उपलब्धि विस्तृतीकरण सहित विस्तृत अध्ययन) | १ | ५ |
| ६ | बाल मनोविज्ञानः अर्थ क्षेत्र आवश्यकता र महत्व पूर्व बाल्यावस्थाः परिचय, विकासात्मक कार्य, विशेषताहरु,शारीरिक र संवेगात्मक परिवर्तन तथा प्रभाव रुचिहरु संकटहरु पूर्व वाल्यावस्थाका विद्यार्थीको सुरक्षित विकासमा शिक्षक र अभिभावकको भूमिका | १+१= २ | ५+१०= १५ |
| ७ | सिकाइः अर्थ, स्वरुप र शैलीहरु, परिपक्वता र सिकाइबीच अन्तरसम्बन्ध, स्व-प्रतिविम्बन र सिकाइ, सिकाइमा स्थानान्तरण, स्मरण र विस्मरण, उत्प्रेरणा र सिकाइ , शिक्षण विधिको वर्गीकरण र प्रयोग शिक्षक निर्देशिकासँग शिक्षण विधिको सम्बन्ध शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग ( श्रव्यदृष्य तथा अन्तरक्रियात्मक डिजिटल सामग्री, इ-लाइब्रेरी) | १ | ५ |
| ८ | परीक्षा र मूल्याङ्कनः परीक्षाको अवधारणा, उद्देश्य, प्रकारहरु, शिक्षक निर्मित परीक्षा र स्तरीकृत परीक्षा, मूल्याङ्कनको अवधारणा, उद्देश्य, प्रकारहरु, मूल्याङ्कनका साधनहरु र प्रयोग तथा प्राथमिक तहमा प्रयोग हुने मूल्याङ्कनका बिधि तथा प्रक्रियाहरु | १ | ५ |

## अन्तर्वार्ता योजना (Interview Examination Scheme)

### बालविकास सहजकर्ताको लागि

१.अन्तर्वार्ता -२०

| क्र.स. | मूल्याङ्कनको आधार | शैक्षिक योग्यता-५ | | |
|---|---|---|---|---|
| १ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता – ३ | प्रथम श्रेणी – ३ | द्वितीय श्रेणी – २ | |
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको – २ | २ | १ | |
| ३ | अन्तर्वार्ता – १५ | व्यक्तित्व / आचरण –५ | विषयवस्तुको ज्ञान – ६ | प्रस्तुतीकरण – ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ ।

द्रष्टव्यः

१. सामान्य परीक्षा(वस्तुगत/(बहुवैकल्पिक प्रश्नहरु)का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन ।
२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।
३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका बालविकास सहजकर्ताको हकमा लागू हुनेछैन ।

आठराई राजपत्र

## अनुसूची - ४

## सामुदायिक सिकाइ केन्द्रको परिचालक पदको पाठ्यक्रम

सामान्य परीक्षाः पूर्णाङ्क – ४०     विषयगत परीक्षाः पूर्णाङ्क – ४०     अन्तर्वार्ताः पूर्णाङ्क – २०

| विषयक्षेत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | प्रश्न सङ्ख्या | प्रति प्रश्न अङ्क भार | परीक्षा प्रणाली | समय |
|---|---|---|---|---|---|---|
| सामान्य परीक्षा | ४० | ४० | २० | २ | वस्तुगत / बहुवैकल्पिक | ३० मिनेट |
| विषयगत परीक्षा | ४० | | ८ | ५ | विषयगत / विश्लेषणात्मक | १ घण्टा ३० मिनेट |
| अन्तर्वार्ता | २० | | | | मौखिक | |

खण्ड क - वस्तुगत प्रश्नहरु(सामान्य ज्ञान)

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | नेपालको भूगोल (भौगोलिक विविधता प्रदेश जिल्ला स्थानीय तह ताल नदी हिमाल) | २ | २ |
| २ | नेपालको शैक्षिक इतिहास (राणाकालदेखि हालसम्म) | २ | २ |
| ३ | शिक्षाको अर्थ,परिभाषा, स्वरुप, उद्देश्यहरु र कार्यहरु | २ | २ |
| ४ | सिकाइः परिचय, अर्थ, स्वरुप, उद्देश्यहरु, कार्यहरु | २ | २ |
| ५ | सिकाइको स्थानान्तरणः अवधारणा र प्रकार | १ | २ |
| ६ | नेपालको शिक्षाको तहगत संरचना तथा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्थाहरु | २ | २ |
| ७ | तीन तहका सरकारका शिक्षासँग सम्बन्धित संरचना(शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र , पाठ्यक्रम विकास केन्द्र, शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा शाखा, महाँशाखा आदि) | २ | २ |
| ८ | नेपालको संविधान २०७२( शिक्षा सम्बन्धि व्यवस्था) | ३ | २ |
| ९ | शिक्षा ऐन,२०२८ (संशोधन सहित),<br>शिक्षा नियमावली, २०५९, (संशोधन सहित),<br>आठराई गाउँपालिकाको शिक्षा ऐन, २०७५ (संशोधन सहित) | ३ | २ |
| १० | स्थानीय सरकार सञ्चालन ऐन २०७४ (शिक्षा सम्बन्धी व्यवस्था) सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ | २ | २ |

**खण्ड ख – विषयगत  परीक्षाको पाठ्यक्रम**

| क्र.स. | विषयवस्तु तथा क्षेत्र | प्रश्न सङ्ख्या | एक प्रश्नको अङ्कभार |
|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा, निरन्तर तथा जीवनपर्यन्त शिक्षा, महिला शिक्षा, अभिभावक शिक्षा, प्रौढ शिक्षा अन्तर्गत आमा समूह, समुदायमा हुने अन्य विभिन्न बैठक, सभा सम्मेलन, सहकारी बैठकहरु, बैठक आयोजना, निर्णय लेखन, निर्णय लेख्दा ध्यान दिनु पर्ने तथ्यहरु र बैठक सञ्चालन गर्दा ध्यान दिनु पर्ने विषयहरु | १ | ५ |
| २ | नेपालमा अनौपचारिक शिक्षा सम्बन्धी नीतिहरु नियम कानूनी दस्तावेज, अनौपचारिक शिक्षा र औपचारिक शिक्षा सम्बन्धी फरक अनौपचारिक शिक्षाको विकासमा समुदायको संलग्नता सामुदायिक अभ्यास | १ | ५ |
| ३ | आफ्नो सेवा क्षेत्रभित्रका शैक्षिक साँस्कृतिक, प्राकृतिक, आर्थिक, वित्तिय, जनसाङ्ख्यिक विवरणका सूचना तथा तथ्याङ्कहरुको अभिलेखीकरण, नमूना सामुदायिक सिकाइ केन्द्रको विकास, नवप्रवर्तनात्मक कार्यहरु | १ | ५ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको परिचय, कार्यक्रम र सेवा काम कर्तव्य र अधिकार सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठन काम कर्तव्य र अधिकार, सिकाइ केन्द्रमा भौतिक पूर्वाधारको व्यवस्थापन केन्द्रको आय स्रोत | १ | ५ |
| ५ | लेखा परीक्षण, सामाजिक परीक्षण, बेरुजु, बजेट व्यवस्थापन, बेरुजु फछ्र्यौट, सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ | १ | ५ |
| ६ | सामुदायिक सिकाइ केन्द्रको परिचालनको कार्य विवरण सिकाइ केन्द्र एक आजीवन सिकाइ थलो (Life Long Learning Hub) | १ | ५ |
| ७ | परियोजना प्रस्ताव निर्माण, कार्यक्रम/ योजना छनोट, स्वीकृति र सञ्चालन, सहभागितात्मक योजना तर्जुमा | १ | ५ |
| ८ | प्रभावकारी सञ्चार सीप अन्य संघ सस्थाहरुको सम्बन्ध | १ | ५ |

अन्तर्वार्ता योजना (Interview Examination Scheme)

सामुदायिक सिकाइ केन्द्रको परिचालकको लागि

१.अन्तर्वार्ता – २०

| क्र.स. | मूल्याङ्कनको आधार | शैक्षिक योग्यता – ५ | | |
|---|---|---|---|---|
| 1 | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता – ३ | प्रथम श्रेणी – ३ | द्वितीय श्रेणी – २ | |
| २ | सेवा प्रवेशका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यताको – २ | २ | १ | |
| ३ | अन्तर्वार्ता – १५ | व्यक्तित्व / आचरण – ५ | विषयवस्तुको ज्ञान – ६ | प्रस्तुतीकरण – ४ |

नोटः अन्तर्वार्ता बापत अङ्क दिंदा कुनै उम्मेदवारलाई ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी दिनुपर्ने भएमा त्यस्तो नम्बर दिनुपर्ने स्पष्ट कारण खुलाउनु पर्नेछ।

द्रष्टव्यः

१. सामान्य परीक्षा (वस्तुगत / (बहुवैकल्पिक प्रश्नहरु) का प्रश्नको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर बापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ तर उत्तर नदिएमा अङ्क कट्टा गरिने छैन।
२. यस पाठ्यक्रम अन्तर्गतका विषयमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन(ऐन नियम) तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।
३. यो पाठ्यक्रम कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागूहुनेछ तर यो कार्यविधि लागू भएको मिति भन्दा अगाडि नियुक्ति भएका सामुदायिक सकाइ केन्द्रका परिचालकको हकमा लागू हुने छैन।

**आज्ञाले,**
**श्री निराज शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**
**आठराई गाउँपालिका**
**तेह्रथुम**